माण्डु हाईड्रोपावर लिमिटेड
# MANDU HYDROPOWER LIMITED
काठमाण्डौ, नेपाल ।
Tel: 01-4529089/ 01-4526726 Pan No. 302417162 Website: www.manduhydropwer.com

पत्र संख्या:१८२MHPL ०८३/०८४ मिति : २०८३/०४/२७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय : **वार्षिक साधारणसभा, बोनस शेयर, नगद लाभांश तथा शेयर दाखिला खारेज बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस माण्डु हाइड्रोपावर लि. को मिति २०८३/०४/२७ गते बेलुका ४ बजे बसेको २२८औं संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको १४औ तथा १५औ वार्षिक साधारणसभा निम्न मिति, समय र स्थान मा बस्ने भएको हुँदा ताँहाको जानकारीको लागि सादर अनुरोध छ ।

साथै यस माण्डु हाइड्रोपावर लि. को शेयरधनीहरुलाई आ.व. २०८२/०८३ को संचित मुनाफाबाट हालको चुक्ता पुँजी १,३६,३६,३७,०००/- को १२ %को दरले हुन आउने नगद लाभांश ( लाभांशमा लाग्ने कर समेत) रु. १६,३६,३६,४४० /- प्रस्ताव गरिएको तथा आ.व. २०८१/०८२ सम्मको संचित मुनाफाबाट शेयरधनी महानुभावहरुलाई विद्युत नियमन आयोग बाट स्वीकृत भए पश्चात हाल कायम चुक्ता पूँजी रु १,३६,३६,३७,०००/-(एक अर्व छत्तिस करोड छत्तिस लाख सैतिस हजार ) को १० % को दरले हुने १३,६३,६३७ बराबर कित्ताको बोनस शेयर रकम रु. १३,६३,६३,७०० (रु. तेह्र करोड त्रिसठ्ठी लाख त्रिसठ्ठी हजार सात सय मात्र) र हाल कायम चुक्ता पूँजी रु. १,३६,३६,३७,०००/-को ०.५२६३% अर्थात रु.७१,७७,०३७/-(अक्षरुपी एकहत्तर लाख सतहत्तर हजार सैतिस रुपैयाँ ) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) लाभांश बितरण गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

**सभा हुने मिति, स्थान र समय :**

१. मिति : बि.स. २०८३ साल भाद्र १८ गते (सन् ०३ सेप्टेम्बर २०२६) बिहीबार ।
 समय : बिहान १०:०० बजे ।
 स्थान : नेपा बैंक्वेट, नयाँबजार, काठमाण्डौ ।

२. **शेयर दाखेल खारेज सम्बन्धी विवरण** :

१४औ तथा १५औ वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८३/०५/०५ गते एक दिन हाइड्रोपावरको शेयरधनी दर्ता किताव बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुन भन्दा अघिल्लो दिनसम्म कारोवार भई शेयर खरिद गरि नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ को वितरण योग्य नगद लाभांस तथा बोनस शेयर पाउन योग्य हुनु हुनेछ ।

नोट : वार्षिक साधारणसभा सम्बन्धी मिति २०८३/०४/२८ मा आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सूचनाको प्रति यसै साथ संलग्न गरिएको छ ।

**वोधार्थ :**
नेपाल धितोपत्र बोर्ड, खुमलटार,ललितपुर ।
सिड.एस.एण्ड क्लियरिङ्ग लि.काठमाण्डौ ।
विद्युत नियमन आयोग, सानोगौचरण काठमाण्डौ ।

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

भवदिय
सुन्दर श्रेष्ठ
कम्पनी सचिव

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# Mandu Hydropower Limited
# माण्डु हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय ठेगाना: का.म.न.पा.-२, लाजिम्पाट, काठमाडौं,
फोन नं. : ०१ ४५३८३८८, ४५२९०८९,
इमेल : info@manduhydropower.com वेवसाइट : www.manduhydropower.com

## १४औं तथा १५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०४/२८ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८३/०४/२७ गते बसेको संञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको १४औं तथा १५औं (आ.व. २०८१/०८२ र २०८२/०८३) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नको लागी बस्ने भएको हुँदा वार्षिक साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३/०५/१८ (03 Sep 2026)

समय : बिहान १०:०० बजे (10:00 AM)

स्थान : नेपा बैंक्वेट, नयाँबजार, काठमाण्डौ (Nepa Banquet, Nayabazar Kathmandu)

**१४औं तथा १५औं वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु (एजेन्डाहरु) :**

**१. सामान्य प्रस्ताव :**

क) आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ संञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्वन्धमा।

ख) आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लेखापरिक्षकको प्रतिवेदन, २०८२ आषाढ मसान्त सम्म र २०८३ आषाढ मसान्त सम्म को वासलात, आय व्यय विवरण र सोही अवधिको नगद प्रवाह लगायत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।

ग) आ.व.२०८२/०८३ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त संञ्चालक समितिबाट नियुक्ति र कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा।

घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व.२०८३/०८४ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।

ङ) संञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम रहेको चुक्ता पूँजी रु.१,३६,३६,३७,०००/- को १२.५२६३% हुन आउने नगद लाभांश रु.१७,०८,१३,४७७/- (अक्षरेपी सत्र करोड आँठ लाख तेह्र हजार चार सय सतहत्तर रुपैया मात्र) मा प्रचलित कानुन बमोजिम कर कट्टी गरि स्वीकृति प्रदान गर्ने सम्वन्धमा। (प्रस्तावित नगद लाभांश मध्ये ०.५२६३% आ.व २०८१/०८२ (बोनस शेयर लाभांश कर प्रयोजनार्थ) तथा १२% आ.व २०८२/०८३ को लागि संचित मुनाफाबाट वितरण गर्न लागिएको)

च) संस्थापक शेयरधनीहरुको तर्फबाट संञ्चालक समितिको निर्वाचन तथा स्वतन्त्र संञ्चालकको नियूक्ति अनुमोदन गर्ने सम्वन्धमा।

**२. विशेष प्रस्ताव**

क) संञ्चालक समितिबाट आ.व.२०८१/०८२ सम्मको संचित मुनाफाबाट प्रस्ताव गरिएको र विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,३६,३६,३७,०००/-(अक्षरेपी एक अर्व छत्तिस करोड छत्तिस लाख सैतिस हजार) को १०% का दरले हुने रु.१३,६३,६३,७००/- (अक्षरेपी तेह्र करोड त्रिसठी लाख त्रिसठी हजार सात सय) बराबरको बोनस शेयर वितरण गर्ने स्वीकृति तथा अनुमोदन प्रदान गर्ने सम्वन्धमा।

ख) प्रबन्धपत्र तथा नियमावलीमा पुँजीवृद्धि लगायत अन्य आवश्यक संशोधन गर्ने सम्वन्धमा साथै प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरबदल तथा थपघट गर्नुपर्ने कुनै सुझाव तथा निर्देशन प्राप्त भएमा सोको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्वन्धमा।

ग) संञ्चालक समितिको दैनिक भ्रमण भत्ता पारित गर्ने सम्वन्धमा।

**३. विविध।**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**

१. वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८३/०५/०५ (तद्अनुसार २१ अगस्ट २०२६) गतेका दिन कम्पनीको दर्ता किताव बन्द गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०८३/०५/०४ गतेसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ.व. २०८१/०८२ र २०८२/०८३ को वितरण योग्य नगद लाभांश तथा बोनस शेयर पाउन योग्य रहनेछन्।

२. वार्षिक साधारणसभा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ।

३. कम्पनीको आयोजनामा लगानीको निमित्त बैंकहरुसंग गरिएको सहवित्तीय सम्झौताको शर्तबमोजिम लगानीकर्ता बैंकहरुको स्वीकृतिपश्चात मात्र लाभांश वितरण गर्न पाईने भएकोले सोको स्वीकृतिका लागि कम्पनीबाट प्रक्रिया चालिएको र साधारणसभा एवं लगानीकर्ता बैंकहरुको स्वीकृति पश्चात् प्रस्तावित लभांश भुक्तानी गरिने।

४. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण-पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन।

५. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसैसाथ प्रकाशित गरिएको छ। आर्थिक विवरणलगाएतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website:manduhydropower.com मा पनि हेर्न सक्नुहुनेछ।

६. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियूक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नुपर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरि अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्नेछ।

७. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयूक्तरुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ।

८. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो सम्वन्धी प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्नेछ। तर, त्यसलाई पारित गरिनुपर्ने प्रस्तावको रुपमा राखिने छैन।

९. शान्ति सुरक्षको दृष्टिकोणले साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनुहुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षकर्मीहरुले शेयरधनी महानुभावहरुलगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला व्याग र शरीर जाँच गर्ने सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनहुन अनुरोध छ।

१०. विधुतीय (भर्चुअल) माध्यमबाट समेत सभामा सहभागी हुन तथा आफनो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा, विधुतीय माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुले mandubagmati@gmail.com वा info@manduhydropower.com मा इमेल गरी वा फोन नं. ०१-४५३८३८८, ०१-४५२९०८९, मा सम्पर्क गरी साधारणसभा सुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै आफ्नो नाम इमेल ठेगाना टिपाउनु हुन अनुरोध छ। विधुतीय माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID / Passcode उपलब्धा गराई सभामा सहभागी हुन व्यवस्था मिलाइनेछ।

११. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौ वा फोन नं. ०१-४५३८३८८, ०१-४५२९०८९, मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस माण्डु हाइड्रोपावर लिमिटेडको चौधौ र पन्धौ वार्षिक साधारणसभाको प्रायोजनार्थ आ.व. २०८१/०८२ र आ.व. २०८२/०८३ को वासलात, नाफा नोक्सान हिशाब लगायत कंम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ। कंम्पनीको लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०८१/०८२ र आ.व. २०८२/०८३ को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards - NFRS) अनुसार वित्तीय विवरण तयार गरि सोही बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीको लागि यसै साथ प्रकाशित गरिएको छ।

**आ.व. २०८१/०८२ र आ.व. २०८२/०८३ को कारोवारको सिंहावलोकन**

यस कंम्पनीद्धारा संञ्चालित मकवानपुर जिल्ला ईपापञ्चकन्या स्थित बागमती साना जलविद्युत आयोजना (३२ मे.वा.) लाई विगतका वर्षहरुमा जस्तै दक्षतापूर्वक संञ्चालन गरि विद्युत उर्जा बिक्रीबाट कंम्पनीको आम्दानी अधिकतम बनाउने कार्यलाई प्रस्तुत आ.व. २०८१/०८२ र आ.व. २०८२/०८३ लाई निरन्तरता दिईएको छ। तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत विद्युत उत्पादनको स्थिति संतोपजनक रही कंम्पनी मुनाफामा रहेको छ।

### नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुसारको वित्तीय विवरण

| Statement of Financial Position | FY 2082-083 | FY 2081-082 |
|---|---|---|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, plant and equipment | 650,156 | 374,919 |
| Intangible assets | 4,621,408,937 | 3,003,137,123 |
| Capital Work In Progress | | 935,338,801 |
| **Financial Assets** | | |
| Financial Assets at Fair Value Through PL | 400,000,000 | 400,000,000 |
| Other Non Current Assets | 21,527,374 | 21,527,374 |
| **Total Non-Current Assets** | **5,043,586,467** | **4,360,378,217** |
| **Current Assets** | | |
| Inventories | 4,723,485 | 4,723,485 |
| Trade and Other Receivables | 166,085,918 | 1,216,337 |
| Other Current Assets | 18,059,686 | 347,386,183 |
| Cash and cash equivalents | 5,356,357 | 5,265,617 |
| **Total Current Assets** | **194,225,445** | **358,591,622** |
| **TOTAL ASSETS** | **5,237,811,912** | **4,718,969,839** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Share capital | 1,363,637,000 | 1,363,637,000 |
| Retained Earnings and Reserves | 857,471,321 | 539,383,843 |
| **Total Equity** | **2,221,108,321** | **1,903,020,843** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Loans and borrowings | 2,400,504,165 | 2,190,465,969 |
| **Total Non-Current Liabilities** | **2,400,504,165** | **2,190,465,969** |
| **Current Liabilities** | | |
| Loans and borrowings | 520,000,000 | 459,378,220 |
| Employee Benefit | 8,661,750 | 2,018,953 |
| Trade and other payables | 87,537,675 | 164,085,853 |
| **Total Current Liabilities** | **616,199,425** | **625,483,026** |
| **Total Liabilities** | **3,016,703,591** | **2,815,948,995** |
| **TOTAL EQUITY AND LIABILITIES** | **5,237,811,912** | **4,718,969,839** |

| Statement of Profit or Loss and Other Comprehensive Income | FY 2082-083 | FY 2081-082 |
|---|---|---|
| Revenue from operations | 794,934,701 | 204,742,193 |
| Other Income | 5,861 | 588,255,799 |
| **Total Income** | **794,940,561** | **792,997,992** |
| Employee Benefit Expenses | 28,051,477 | 24,661,932 |
| Operation and Maintanence Expenses | 61,428,462 | 22,999,470 |
| Administrative Expenses | 14,912,255 | 12,114,672 |
| Deprecation, Amortization & Impairment of Assets | 168,083,081 | 507,550,286 |
| Finance Costs | 194,129,685 | 161,891,324 |
| **Total Expenditure** | **466,604,960** | **729,217,683** |
| **Profit/(Loss) Before Tax and Bonus** | **328,335,601** | **63,780,309** |
| Provision for Staff Bonus | 6,566,712 | 1,275,606 |
| Income Tax Expense | - | - |
| **Profit/(Loss) from continuing operations** | **321,768,889** | **62,504,703** |
| Profit /(Loss) on Discontinued Operations (Net of tax) | - | - |
| Provision for Corporate Social Responsibility | 3,217,689 | 625,047 |
| **Net Profit/(Loss) for the year** | **318,551,200** | **61,879,656** |
| **Other comprehensive Income** | | |
| Exchange Gain/Loss arising on translation of foreign operations | - | - |
| Acturial Gain/(Loss) on defined Employment benefit | - | - |
| Gain/Loss on Revaluation | - | - |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | **318,551,200** | **61,879,656** |

| Statement of Cash Flows | FY 2082-083 | FY 2081-082 |
|---|---|---|
| **Cash Flows From Operating Activities** | | |
| **Net Profit for the year** | **318,551,200** | **61,879,656** |
| Adjustments for: | | |
| Tax expense | - | - |
| Depreciation on property, plant and equipment | 449,572 | 368,934 |
| Amortization of Intangible Assets | 167,633,509 | 127,371,158 |
| Interest expense | 194,129,685 | 161,891,324 |
| Expenses towards CSR | (3,681,412) | - |
| Prior Period Adjustments | - | - |
| Corporate Social Responsibility Fund | 3,217,689 | 614,947 |
| **Working capital adjustments:** | | |
| (Increase)/ Decrease in Inventories | - | 35,237,400 |
| (Increase)/ Decrease in Trade Receivables | (164,869,580) | 117,064,186 |
| (Increase)/ Decrease in Other Current Assets | 329,326,497 | (336,692,294) |
| Increase / (decrease) in Employee Benefits | 6,642,797 | (3,544,265) |
| Increase / (decrease) in Trade and Other payables | (76,548,177) | 157,668,854 |
| Cash generated from operations | 774,851,780 | 321,859,900 |
| Income Tax Paid | - | - |
| **Net Cash Flows From Operating Activities [A]** | **774,851,780** | **321,859,900** |
| **Cash Flows From / (Used In) Investing Activities** | | |
| Purchase of property, plant and equipment | (724,810) | (40,800) |
| (Increase)/ Decrease in CWIP | 935,338,801 | (935,338,801) |
| (Increase)/Decrease in Intangible Assets | (1,785,905,322) | 378,922,193 |
| (Increase)/ Decrease in Other Non Current Assets | - | (17,855,900) |
| Purchase of Investment | - | - |
| **Net Cash Flows From Investing Activities [B]** | **(851,291,331)** | **(574,313,308)** |
| **Cash Flows From Financing Activities** | | |
| Proceeds from issue of ordinary shares | - | - |
| Increase in Share Premium | - | - |
| Share issue expenses | - | - |
| Net (repayment of) increase in borrowings | 270,659,976 | 581,188,964 |
| Interest Expenses | (194,129,685) | (161,891,324) |
| Dividends paid | - | (163,636,440) |
| **Net Cash Flows From Financing Activities [C ]** | **76,530,291** | **255,661,200** |
| **Increase/(Decrease) In Cash And Cash Equivalents [A+B+C]** | **90,739** | **3,207,791** |
| Cash and Cash Equivalent at the beginning of the year | 5,265,617 | 2,057,825 |
| **Cash And Cash Equivalents At The End Of The Period** | **5,356,357** | **5,265,617** |